विर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विर्तामोड, झापा
कोशी प्रदेश, नेपाल।

फोन नं. ०२३-५९७००७
फ्याक्स नं. ०२३-५४५८००

# आ.व. २०८२/०८३ मा बिर्तामोड नगरपालिकाको वहाल बिटौरी शुल्ल (सार्वजनिक जग्गामा लाग्ने दैनिक तथा सासाहिक हाटबजार)संकलन सम्बन्धी बोलपत्र फाराम

ठेक्का नं:- BTMMUN/REVENUE/SQ-22/081/82

२०८२, वैशाख

प्रमुख प्रशासकीय अधिकृत

# बिर्तामोड नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बिर्तामोड झापा

कोशी प्रदेश, नेपाल

आन्तरिक आय संकलनको लागि

## शिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०१/१९

स्थानीय सरकार संचालन ऐन २०७४ तथा बिर्तामोड नगरपालिका आन्तरिक आय संकलन ठेक्का बन्दोवस्त कार्यविधी २०७७ को दफा ३ बमोजिम बिर्तामोड नगरपालिकाले आगामी आ.व. २०८२/०८३ को लागि बार्षिक उठाउन पाउने देहायको आन्तरिक आय प्रचलित कानुन बमोजिम ठेक्का बन्दोबस्त गर्नुपर्ने भएको हुँदा इच्छुक, फर्म वा कम्पनीले तपसिलमा उल्लेखित दस्तुर तिरी यो सूचना प्रकाशित भएको मितिले तपसिलमा उल्लेखित शर्त बमोजिमको समयमा शिलबन्दी दरभाउपत्र सार्वजनिक खरिद अनुगमन कार्यालयको web Portal www.bolpatra.gov.np/egp विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्का विवरण | न्यूनतम ठेक्का अंक बार्षिक (मू.अ.कर सहित) | धरौटी रकम | शिलबन्दी दरभाउपत्र दस्तुर | दरभाउपत्र खरिद तथा पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| BTMMUN/REVENUE/SQ-22/081/82 | वहाल बिटौरी शुल्क (सार्वजनिक जग्गामा लाग्ने दैनिक तथा सासाहीक हाटबजार) | ५,१२,०००/- (पाँच लाख बाह्र हजार रुपैया मात्र) | कबोल अंकको ५% | १०००/- | २०८२/०२/०४ गते दिनको १२ बजे भित्र |

**शर्तहरु**

१. इच्छुक शिलबन्दी दरभाउपत्रदाताले फर्म/कम्पनीको दर्ता/नवीकरण प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाणपत्र र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रलाई Scan गरेर तोकीएको मिति र समयभित्र upload गर्नुपर्नेछ ।

२. शिलबन्दी दरभाउपत्र फाराम खरिद बापतको रकम यस कार्यालयको एन. आइ. सि. बैंक शाखा विर्ताबजारमा रहको आन्तरिक राजश्व खाता नं २४६२०५००२८३५४००२ जम्मा गरेको सक्कलै बैंक भौचर विद्युतीय माध्यमबाट scan गरी पेश गर्नुपर्नेछ ।शिलबन्दी दरभाउपत्रको दस्तुर बापतको रकम फिर्ता हुनेछैन ।

३. शिलबन्दी दरभाउपत्रसाथ धरौटी बापत मू.अ.कर सहित कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको एन.आइ. सि. बैक शाखा विर्ताबजारमा रहेको धरौटी खाता नं २४६CA५००१८८७०००५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त वाणिज्य बैंक वा वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको शिलबन्दी दरभाउपत्रको सूचना जारी भएको मितिबाट ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) शिलबन्दी दरभाउपत्र पेश गर्दा Scan गरेर upload गर्नुपर्नेछ।

४. विद्युतीय माध्यमबाट प्राप्त हुन आएका शिलबन्दी दरभाउपत्रहरु सोही दिनको २:०० बजेपछि शिलबन्दी दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलपत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन । शिलबन्दी

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम दिन बिदा पर्न गएमा उक्त कार्य पछि कार्यालय खुलेको दिन १२:०० बजे सम्म दाखिला गर्न तथा सोही दिनको २:०० बजे खोल्न समय कायम गरिनेछ।

५. शिलबन्दी दरभाउपत्र फाराममा कबोल अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. शिलबन्दी दरभाउपत्रसाथ धरौटी बापत मू.अ.कर सहित कबोल अंकको ५ प्रतिशतले हुन आउने बोलपत्र जमानत बापतको रकम यस कार्यालयको एन.आइ. सि. बैंक शाखा विर्ताबजारमा रहेको धरौटी खाता नं २४६८A५००१८८७०००५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त बाणिज्य बैंक वा वित्तिय संस्थाले यस कार्यालयको नाममा जारी गरेको शिलबन्दी दरभाउपत्रको सूचना जारी भएको मितिबाट र शिलबन्दीको हकमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड) शिलबन्दी दरभाउपत्र पेश गर्दा Scan गरेर upload गर्नुपर्नेछ।

७. शिलबन्दी दरभाउपत्रदाताले खरिद कार्वाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कार्वाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित कसुरमा सजाय नपाएको भनी लिखित रुपमा स्व: घोषणा कागजात बोलपत्रसाथ पेश गर्नुपर्नेछ । नगरपालिकालाई बुझाउनु पर्ने बाँकी कर बक्यौता रकम भएमा फर्महरुले बाँकी कर बक्यौता रकम नबुझाएसम्म निजले शिलबन्दी दरभाउपत्र खरिद गर्न पाउने छैन ।

८. कुनै कारण जनाइ नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय निहित हुनेछ ।

९. ठेक्का अवधि एक आर्थिक वर्ष (२०८२ श्रावण देखी २०८३ असार मसान्त) सम्मको हुनेछ ।

१०.बिर्तामोड नगरपालिका क्षेत्रभित्रबाट ठेक्कामा उल्लेखित कर, दस्तुर तथा शुल्क संकलन गर्दा बिर्तामोड नगरपालिकाले पारित गरेको आर्थिक ऐन बमोजिमको दरमा संकलन गर्नुपर्नेछ। सो दर बाहेक कुनै कर, दस्तुर र सेवाशुल्क लिन पाइने छैन ।

११.माथि उल्लेखित शर्तहरु तथा अन्य शर्तमा उल्लेखित बुँदाहरु बाहेकको हकमा प्रचलित कानुन तथा नगर कार्यपालिकाको निर्णय अन्तिम हुने हुनेछ ।

१२.ठेक्का सम्बन्धी **अन्य शर्त** तथा विस्तृत विवरण इ-विडिङ तथा विर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट लिन सकिनेछ। बोलपत्र / शिलबन्दी दरभाउपत्रदाताले उक्त सबै शर्तहरु पूरा गर्नुपर्नेछ ।

<u>अन्य शर्तहरु</u>

१. शर्त राखि पेश गरेको, रीत नपुगेको वा म्याद नाघी आएका शिलबन्दी दरभाउपत्र माथि कुनै प्रकारको कार्बाही हुने छैन ।

२. उल्लेखित आन्तरिक आयको ठेक्का स्वीकृत भएपश्चात सम्झौताका वखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मूल्यअभिवृद्धि कर (VAT) आफुले कबोल गरेको अंकमा थप गरी वा जम्मा गरेको भौचर सहित एकमुष्ठ रुपमा यस कार्यालयमा बुझाउनु पर्नेछ ।साथै किस्तामा रकम बुझाउने गरी ठेक्का सम्झौता गर्दा सोही अनुसार किस्तामा भ्याट रकम समावेश गरी वा जम्मा गरेको भौचर सहित बुझाउनु पर्नेछ।

३. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछी सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले शिलबन्दीको हकमा ७ (सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधिभित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछीको रितपूर्वकको शिलबन्दी दरभाउपत्रदातालाई ठेक्का सम्झौता गर्न सूचना दिइनेछ ।

४. ठेक्काको स्वीकृत रकम एकमुष्ठ बुझाएमा स्वीकृत अंकमा १० प्रतिशत रकम छुट दिइनेछ ।

५. कुल कबोल अंकलाई ३ किस्ता कायम गरिनेछ ।पहिलो किस्ता वापत कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम सम्झौता हुन अगावै बुझाउनु पर्नेछ । दोश्रो किस्ता वापत कबोल अंकको ३० प्रतिशत र तेस्रो किस्ता

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

बापत कबोल अंकको ३० प्रतिशत सम्झौतामा तोकिएको म्याद भित्र बुझाउनु पर्नेछ । म्याद भित्र नबुझाएमा बाँकी रकमको विर्तामोड नगरपालिकालाई १० प्रतिशतले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नुपर्नेछ ।

६. ठेकेदारसँग ठेक्का सम्झौता गर्दा एकमुष्ठ रकम बुझाउनेको हकमा सम्पूर्ण रकम दाखिला गरिसकेपछि र किस्तबन्दी बुझाउनेको हकमा पहिलो किस्ताको रकम बुझाए पछि बाँकी रहने दोस्रो र तेस्रो किस्ताको बुझाउन बाँकी रकम बराबरको यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंक वा वितिय संस्थाबाट जारी गरिएको २०८३ साल श्रावण मसान्तसम्म अवधि भएको कार्य सम्पादन जमानत (पर्फमेन्स बैंक ग्यारेन्टी )प्राप्त भएपछी ठेक्का सम्झौता गरी चलान पूर्जी दिइनेछ।

७. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन, नियम अनुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदी सबै ठेकेदार स्वयमले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

८. नेपाल सरकार तथा विर्तामोड नगरपालिकाले समय समयमा दिइएका नीति, निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ।

९. शुल्क उठाउन प्रयोग हुने रसिदहरु २ (दुई) प्रति भएको रसिद ठेकेदार आफैले छपाई सोमा कार्यालयको छाप लगाई छापिएको रसिदको अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

१०.ठेक्का अवधि भुक्तान भईसकेपछि आन्तरिक राजश्व कार्यालयबाट करचुक्ताको पत्र पेश भएपछी मात्र धरौटी रकम फिर्ता गरिनेछ । धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन ।

११.शुल्क संकलन गर्दा दोहोरो नहुने गरी एकरुपता कायम गरी संकलन गर्नु पर्नेछ । र शुल्क संकलन गर्ने स्थानमा संकलन गरिने वस्तुहरुको मूल्य सहितको सूची सर्वसाधरणले देख्ने गरी ठेकेदारले आफ्नै तर्फबाट अनिवार्य रुपमा राख्नु पर्नेछ । राजश्व संकलन केन्द्र सम्बन्धित स्थानमा राख्नुपर्नेछ ।

१२.ठेक्का संचालनको अवधिमा कुनै किसिमको छुट, माफी, मिनाहा दिइने छैन ।

१३. अन्य विस्तृत जानकारीको लागि नगरपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

विर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
कोशी प्रदेश, नेपाल

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

# वितर्मोड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

वितर्मोड, झापा
कोशी प्रदेश , नेपाल।

## शिलबन्दी दरभाउपत्र फाराम

## Bill of Quantity(BOQ)

ठेक्का नं :- BTMMUN/REVENUE/SQ-22/081/82

| कर उठाउन पाउने श्रोतको विवरण | न्यूनतम कबोल अंक (मू.अ.कर सहित) | आफुले कबोल गर्न चाहेको रकम (मू.अ कर सहित) | | कैफियत |
|---|---|---|---|---|
| | | कबोल अंक (जम्मा अंकमा) | अक्षरमा | |
| वहाल बिटौरी शुल्क (सार्वजनिक जग्गामा लाग्ने दैनिक तथा सासाहीक हाटबजार) | ५,१२,०००/-(पाँच लाख बाह्र हजार रुपैया मात्र) | | | |

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

शिलबन्दी दरभाउपत्रदाता विवरण

फर्मको नाम:-
प्रोपराईटरको नाम थर :-
स्थायी ठेगाना:-
अख्तियारवालको नाम थर :-

ठेगाना:-
फोन नं:-

हस्ताक्षर:-
फर्मको छाप:-
मिति :-

## अनुसूची-९

(दफा १० सँग सम्बन्धित )

## नगरपालिकाले लगाउने बहाल बिटौरी शुल्कका क्षेत्र र दरहरु

(राजश्व संकेत नं ११३१८)

१. नगरपालिकाको स्वामित्वमा रहेको जमिन भाडामा दिने सम्वन्धमा सम्वन्धित पक्ष विच आवश्यक सम्झौता गरी स्थानीय सरकार संचालन ऐन २०७४ मा भएको व्यवस्था अनुसार प्रति वर्ग फिटको रु.५।- का दरले बहाल बिटौरी कर लाग्ने छ ।

२. नगरपालिकाको स्वामित्वमा रहेको जमिन भाडामा लिने पक्षले सम्झौता बमोजिम प्रत्येक महिनाको २० गते भित्र कार्यालयमा बहाल बिटौरी आफुले भाडामा लिएको जमिनको कर बुझाउनु पर्नेछ । समयमा उल्लेखित कर बुझाएमा ५ प्रतिशत छुट दिईने छ । समयमा उल्लेखित कर नबुझाएमा १० प्रतिशतका दरले जरिवाना लाग्ने छ ।

३. बहाल बिटौरी करमा महिनाको १५ गते भित्र कर बुझाउनु पर्नेछ । अग्रिम वा बार्षिक बुझाउनेलाई क्रमशः १० प्रतिशत र अग्रिम बार्षिक बुझाउनेलाई १५ प्रतिशत छुट दिईनेछ ।

**<u>बहाल विटौरी शुल्क (दैनिक तथा साप्ताहिक हाट, बजार सेवा शुल्क)</u>**

| सि.नं. | विवरण | दैनिक ( रु.) |
|---|---|---|
| १) | धान, नामले, तोरी पाटा पल्ला (ठूलो) | २० |
| २) | धान, नामले, तोरी पाटा पल्ला (सानो) | १० |
| ३) | खसी काट्दा प्रति गोटा | ५० |
| ४) | बोका काट्दा प्रति गोटा | ५० |
| ५) | सुँगुर काट्दा प्रति गोटा | ५० |
| ६) | राँगा काट्दा प्रति गोटा | १०० |

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | विवरण | दैनिक ( रु.) |
|---|---|---|
| ७) | माछा प्रति पसल (ठूलो) | २० |
| ८) | माछा प्रति पसल (सानो) | १० |
| ९) | किराना तथा थान कपडा प्रति पसलको | २० |
| १०) | रेडिमेड कपडा तथा साना किराना पसलको | २० |
| ११) | चामल, आलस, प्याज प्रति पसलको | २० |
| १२) | सानातिना साग, सब्जी पसल | १० |
| १३) | आँप, लिच्ची, नरिवल, सुपारीको विरुवा बेच्नेलाई प्रति पसल | २० |
| १४) | सागसब्जीको विरुवा बेच्नेलाई प्रति पसल | २० |
| १५) | मोची, हजाम, जडिबुटी बेच्नेलाई प्रति पसल | १० |
| १६) | हाँस, कुखुरा प्रति गोटा | १० |
| १७) | डाला, नाङ्गला, कुचो समेत राखी व्यापार गर्ने तर्फ (ठूला) | २० |
| १८) | डाला, नाङ्गला, कुचो समेत राखी व्यापार गर्ने तर्फ (समेत) | १० |
| १९) | भकारी बेच्ने तर्फ प्रति पसल | २० |
| २०) | लाईटर, लाईट, छाता मर्मत प्रति पसल | १० |
| २१) | खुद्रा चिया मिठाई पसल प्रति पसल | २० |
| २२) | चिया पसल मात्र | २० |
| २३) | चना, चटपटे, सर्वत, अनारस आदि प्रति पसल | २० |
| २४) | मनिहारी, चुरा, खेलौना बेच्ने पसल तर्फ (ठूलो) | २० |
| २५ | मनिहारी, चुरा, खेलौना बेच्ने पसल तर्फ (सानो) | १० |
| २६) | पान पसल (ठूलो) | २० |
| २७) | पान पसल (सानो) | १० |

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | विवरण | दैनिक ( रु.) |
| --- | --- | --- |
| २८) | मनिहारी सहित पान पसल | १० |
| २९) | सूर्ती, चुर पसल (ठूलो) | १०० |
| ३०) | सूर्ती, चुर पसल (सानो) | ५० |
| ३१) | हाते सिलाई मेशिन प्रति गोटा | १० |
| ३२) | पयरवाला सिलाई मेशिन प्रति गोटा | १० |
| ३३) | मुरई, चिउरा पसल (ठूलो) | २० |
| ३४) | मुरई, चिउरा पसल (सानो) | १० |
| ३५) | विस्कुट पसल (ठूलो) | २० |
| ३६) | विस्कुट पसल (सानो) | १० |
| ३७) | माटोको भाँडा बेच्ने (ठूलो दोकान) | १० |
| ३८) | माटोको भाँडा बेच्ने (सानो दोकान) | १० |
| ३९) | भाँडा वर्तन जुत्ता पसल तर्फ (ठूलो) | २० |
| ४०) | भाँडा वर्तन जुत्ता पसल तर्फ (सानो) | १० |
| ४१) | सेकुवा, मासु, समेतको तयारी दोकान तर्फ | ५० |
| ४२) | पशु व्यापार तर्फ प्रति गोटा | २० |
| ४३) | डुलुवा घुम्तीमा घुपचुप राखी बेच्ने | १० |
| ४४) | चिया पत्ती पसल दैनिक | १० |
| ४५) | दही बेच्ने पसल तर्फ प्रति पसल | १० |
| ४६) | सिद्रा व्यापार तर्फ | २० |
| ४७) | फलफुल दोकान प्रति पसल | २० |
| ४७) | माथि नपरेका व्यवसायमा | २० |

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | विवरण | दैनिक (रु.) |
|---|---|---|
| ४८) | अन्य माथि नपरेका नास्ता होटलहरु | २५ |

सागर मिश्र
प्रमुख प्रशासकीय अधिकृत